नेपाल सरकार

# कृषि तथा पशुपन्छी विकास मन्त्रालय

सिंहदरबार, काठमाडौं

फोन नं. ४२११६३९, ४२११८०८, ४२११९३२, ४२११६६५, ४२११६८७, ४२११९१५

फ्याक्स : ४२११९३५

पत्र संख्याः

च.नं.:

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं

## शुभकामना सन्देश

आज १७ औं निजामती कर्मचारी दिवसको विशेष अवसरमा राष्ट्रसेवक निजामती कर्मचारी आफ्नो सेवाप्रतिको मर्यादा, पेशागत दक्षतालाई अक्षुण्ण राख्दै देश र जनताप्रति समर्पित सम्पूर्ण निजामती राष्ट्रसेवक कर्मचारीहरुलाई उच्च मनोवल र उत्प्रेरणाका साथ आफ्नो कर्तव्य यात्रामा कटिबद्ध रहन हार्दिक शुभकामना व्यक्त गर्दछु ।

राज्यबाट प्रवाह हुने सार्वजनिक सेवा प्रवाहलाई सरल, सहज र सबैको पहुँच योग्य बनाउन निजामती कर्मचारीको महत्वपूर्ण भूमिका रहन्छ र यो हाम्रा लागि गौरवको विषय हो । यस सम्मानित सेवामा संलग्न सम्पूर्ण राष्ट्रसेवक निजामती कर्मचारीले स्वच्छता, सक्षमता, निष्पक्षता, पारदर्शिता, भ्रष्टाचारमुक्त र जनउत्तरदायित्व जस्ता आधारभूत पक्षलाई आत्मसात गर्दै आफुमा रहेको ज्ञान, सीप र अनुभवलाई अधिकतम उपयोग गरी जनअपेक्षा अनुरुप कार्य सम्पादन गर्न आव्हान गर्दछु ।

कोरोना महामारीको कारण सिर्जित यस विषम परिस्थितिमा समेत सेवा प्रतिको समर्पण प्रशंसा योग्य रहेको छ । आफ्नो व्यक्तिगत सुरक्षा र सावधानीमा सचेत रहँदै आफ्नो जिम्मेवारी निर्वाह गर्न आग्रह गर्दछु । यस पटकको निजामती सेवा दिवसको नारा "स्वच्छ र सक्षम निजामती प्रशासन, समृद्धि र सुशासन" को भावना बमोजिम सेवामा समर्पित रहन यस मन्त्रालय र अन्तर्गतका निकायहरुमा कार्यरत सम्पूर्ण राष्ट्रसेवक निजामती कर्मचारीहरुमा शुभकामना व्यक्त गर्दछु ।

२०७७।०५।२२

सचिव